# हेलम्बु राजपत्र

## हेलम्बु गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ५) सिन्धुपाल्चोक, बैशाख १९ गते, २०८० साल (संख्याः ६)**

# भाग - २

स्थानीय सरकार

हेलम्बु गाउँपालिकाको

**सूचना**

हेलम्बु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## एकीकृत सिकाइ केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

**प्रस्तावनाः**

यस गाउँपालिका क्षेत्रभित्रका माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून रहेको, विद्यार्थीको माग बमोजिमको विषय पठनपाठन गर्न नसकिएको, विषयगत शिक्षक तथा बजेट व्यवस्थापनमा समेत कठिनाई भएको जस्ता समस्यालाई हृदयङ्गम गरी माध्यमिक तह (कक्षा ११ र १२) संचालित विद्यालयहरुमा रजिष्ट्रेसन तथा भर्ना भएका विद्यार्थीहरुलाई एकीकृत गरी एकै स्थानबाट शैक्षिक क्रियाकलाप संचालन गरी गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकोले,

हेलम्वु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधि को नाम "एकीकृत सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले हेलम्बु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले हेलम्बु गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ग) "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको अधिकृत वा प्रमुख सम्झनु पर्छ।

(घ) "विद्यालयहरु" भन्नाले गाउँपालिका भित्र कक्षा ११ र १२ सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरु सम्झनु पर्छ।

(ङ) "केन्द्र" भन्नाले मेलम्ची भ्याली क्याम्पसमा सञ्चालन गरिएको एकीकृत सिकाइ केन्द्र सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले एकीकृत सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले एकीकृत सिकाइ केन्द्रको संयोजक सम्झनु पर्छ।

## परिच्छेद- २

## एकीकृत सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन

३. **एकीकृत सिकाइ केन्द्र संचालनः** (१) गाउँपालिकाले भौतिक पूर्वाधारयुक्त एवं सडक तथा यातायातको सहज पहुँच भएको हेलम्बु गाउँपालिका वडा नं. ४ ग्यालथुम स्थित श्री मेलम्ची भ्याली क्याम्पसमा एकीकृत सिकाइ केन्द्र संचालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संचालन गरिएको एकीकृत सिकाइ केन्द्रमा गाउँपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा संचालित कक्षा ११ र १२ मा भर्ना तथा रजिष्ट्रेसन भएका विद्यार्थीहरु अध्ययन गराउनका लागि ल्याईनेछ।

(३) सम्बन्धित सामुदायिक विध्यालयका व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकले आफ्नो विद्यालयका कक्षा ११ र १२ मा भर्ना तथा रजिष्ट्रेसन भएका विद्यार्थीहरुलाई एकीकृत सिकाइ केन्द्रमा गई अध्ययन गर्न प्रेरित गर्नुपर्नेछ।

४. **भर्ना तथा रजिस्ट्रेसनः** (१) एकीकृत सिकाइ केन्द्रमा पठनपाठनका लागि ल्याईने विद्यार्थीहरुको भर्ना तथा रजिस्ट्रेसन सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित विद्यालयले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो विद्यालयमा भर्ना तथा रजिस्ट्रेसन भएका सम्पूर्ण विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले एकीकृत सिकाइ केन्द्रमा पठाउनु विद्यालयको कर्तव्य हुनेछ।

(३) सम्बन्धित विद्यालयले आफ्ना विद्यार्थीहरुको भर्ना तथा रजिस्ट्रेसन गरिसकेपश्चात तोकिएको ढाँचामा विद्यार्थीहरुको विवरण एकीकृत सिकाइ केद्रमा पेश गर्नु पर्नेछ।

(३) एकीकृत सिकाइ केन्द्रमा पेश हुन आएको विवरण केन्द्रले गाउँपालिकाको शिक्षा शाखामा समेत पेश गर्नु पर्नेछ।

## परिच्छेद- ३

## विषयगत शिक्षक तथा प्रमुखको व्यवस्थापन

५. **विषयगत शिक्षक व्यवस्थापनः** (१) एकीकृत सिकाइ केन्द्रमा विद्यार्थीको संख्या, विद्यार्थीले पढ्न चाहेको विषयका आधारमा र पठनपाठनलाई थप सुदृढ एवं प्रभावकारी बनाउन गाउँपालिकाले विषयगत शिक्षकहरुको आवश्यकता एकीन गरी अस्थायी दरबन्दी सिर्जना गर्न सक्नेछ।

(२) सिकाइ केन्द्रमा ल्याईने विद्यार्थीहरुको विद्यालयहरुमा माध्यमिक तहको दरबन्दी बमोजिम विषयगत शिक्षकहरु कार्यरत रहेको अवस्थामा उक्त शिक्षकहरुलाई एकीकृत सिकाइ केन्द्रमा अध्यापनका लागि परिचालन गरिनेछ।

(३) उपदफा (२) बमोजिम परिचालन गरिने विषयगत शिक्षकहरुले नियमानुसार पढाउनु पर्ने कक्षा समय/पिरियड भन्दा बढी भएको खण्डमा बढी कक्षा समय/प्रति पिरियड वापतको पारिश्रमिक गाउँपालिकाले व्यवस्था गर्नेछ।

(४) उपदफा (२) बमोजिम विद्यालयहरुमा रहेको दरबन्दी अनुसार विषयगत शिक्षकहरु नपुग भएमा गाउँपालिकाले विभिन्न संघ संस्थासँग समन्वय तथा साझेदारीमा विषयगत शिक्षकहरुको व्यवस्थापन गरी एकीकृत सिकाइ केन्द्रमा परिचालन गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको स्वीकृत अस्थायी दरबन्दीमा उपदफा (२) र (३) बमोजिम समेत विषयगत शिक्षकहरु पुर्ति गर्न नसकिएमा गाउँपालिकाले विज्ञापन मार्फत प्रतिस्पर्धात्म ढंङ्गले परीक्षा संचालन गरी करार सेवामा दरबन्दी बमोजिम पदपुर्ति गर्न सक्नेछ।

६. **एकीकृत सिकाइ केन्द्रको प्रमुख तोक्नु पर्नेः** (१) उपयुक्त योग्यता पुगेका शिक्षकहरु मध्येबाट गाउँपालिकाको शिक्षा समितिले एकीकृत सिकाइ केन्द्रको प्रमुख तोक्नेछ।

(२) एकीकृत सिकाइ केन्द्रको प्रमुखको थप सेवा सुविधाका सम्बन्धमा दफा ८ बमोजिम गठित निर्देशक समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयबाट निर्धारण गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम एकीकृत सिकाइ केन्द्रका प्रमुखलाई उपलब्ध गराईने सुविधा कार्यसम्पादनमा आधारित हुनेछ।कार्यसम्पादन सन्तोषजनक नपाईएको खण्डमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले प्रदान गर्दै आएको सुविधामा कटौती गर्न सक्नेछ।

(४) एकीकृत सिकाइ केन्द्रका प्रमुखको कार्यसम्पादन सन्तोषजनक नपाईएको खण्डमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले निजलाई हटाई तोकिएको योग्यताका आधारमा अर्को प्रमुखको व्यवस्था गर्न सक्नेछ।

७. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** (१) दफा ५ बमोजिम एकीकृत सिकाइ केन्द्रमा कार्यरत शिक्षकहरुसँग गाउँपालिकाको शिक्षा शाखाको समन्वयमा केन्द्रको प्रमुख र शिक्षकहरुबीच प्रत्येक वर्ष कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(२) एकीकृत सिकाइ केन्द्रका प्रमुख र गाउँपालिकाको शिक्षा अधिकृतबीच कार्यसम्पादन करार सम्झौता गरिनेछ।

(३) कार्यसम्पादन करार सम्झौता बमोजिम तोकिएका सूचकहरु बमोजिम लक्ष्य प्राप्त गर्नु विषयगत शिक्षकहरुको कर्तव्य हुनेछ।

(४) कार्यसम्पादन करार सम्झौता बमोजिम तोकिएका सूचकहरु बमोजिक लक्ष्य प्राप्त गर्न नसेकेमा सम्बन्धित शिक्षकले सिकाइ केन्द्रको प्रमुख र संयोजकले गाउँपालिकाको शिक्षा अधिकृत समक्ष स्पष्टिकरण पेश गर्नु पर्नेछ।

## परिच्छेद- ४

## संचालन तथा व्यवस्थापन समितिको गठन

८. **निर्देशक समितिः** (१) एकीकृत सिकाइ केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि एक एकीकृत सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समिति देहायका पदाधिकारीहरु रहने गरी गठन गरिनेछ।

(क) सामाजिक विकास समितिका संयोजक - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँ कार्यपालिकाको महिला सदस्य मध्ये अध्यक्षले तोकेको १ जना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) सम्वन्धित विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष - सदस्य

(च) सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य

(छ) एकीकृत सिकाइ केन्द्रको प्रमुख - सदस्य सचिव

९. **सदस्यको काम, कर्तव्य र अधिकार:** एकीकृत सिकाइ केन्द्रका समितिका सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सिकाइ केन्द्रको प्रभावकारी व्यवस्थापन तथा संचालनका लागि आवश्यक राय सुझाव तयार गरी निर्णयका लागि गाउँ शिक्षा समिति/ गाउँ कार्यपालिकामा पेश गर्ने,

(ख) सिकाइ केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्ने, समस्या समाधानका लागि पहल गर्ने,

(ग) सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी प्रचलित कानून बमोजिम अन्य कार्य गर्ने ।

१०. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** विषयगत समितिका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) समितिको सचिव भई काम गर्ने,

(ख) अध्यक्षको निर्देशन अनुरूप बैठकको कार्यसूची तथा प्रस्ताव तयार गरी सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण गरी समितिको बैठकमा पेस गर्ने,

(घ) समितिको समग्र कार्यको प्रभावकारिताका लागि कार्ययोजना तर्जुमा गर्ने र कार्यान्वयनको निमित्त प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,

(ङ) सिकाइ केन्द्रको कार्यसम्पादन प्रतिवेदन तयार गरी बैठकमा पेस गर्ने,

(च) समितिको कामकारबाही तथा बैठकका निर्णयसँग सम्बन्धित विषयको अभिलेख राख्ने,

(छ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ज) समिति वा समितिका अध्यक्षले तोकेका अन्य कार्य गर्ने।

## परिच्छेद- ५

## वार्षिक बजेट तथा कार्यक्रमको व्यवस्था

११. **वार्षिक बजेटको व्यवस्थाः** (१) निर्देशक समितिले एकीकृत सिकाइ केन्द्र संचालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम र सो कार्यक्रममा लाग्ने अनुमानित बजेटको खाका तयार गरी प्रत्येक आर्थिक वर्षको जेठ महिना भित्र शिक्षा शाखा मार्फत गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(२) निर्देशक समितिले पेश गरेको कार्यक्रम तथा बजेटको औचित्य र आवश्कताका आधारमा गाउँपालिकाले गाउँ सभाबाट आवश्यक वार्षिक बजेट विनियोजन गर्न सक्नेछ।

(३) स्वीकृत वार्षिक बजेटको परिधिमा रही एकीकृत सिकाइ केन्द्रले स्वीकृत बजेटको अधिनमा रही खर्च गरी सोको भुक्तानी गाउँपालिकाको आर्थिक प्रशासनबाट लिन सक्नेछ।

(४) एकीकृत सिकाइ केन्द्रका लागि विनियोजित बजेटको पारदर्शी, मितव्ययी तवरले खर्च गर्नु पर्नेछ। स्वीकृत शीर्षक भन्दा अन्य क्षेत्रमा बजेट खर्च गर्न पाइने छैन। तर एक शीर्षकमा विनियोजित बजेट खर्च नभएमा अर्को शीर्षकमा कार्यपालिकाले नियमानुसार रकमान्तर गर्न सक्नेछ।

(५) विनियोजित बजेटको प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुनेछ।

११. **सिकाइ केन्द्रमा यातायातको व्यवस्था गर्न सकिनेः** (१) एकीकृत सिकाइ केन्द्रमा अध्ययनरत टाढाबाट आउने विद्यार्थीहरुका लागि गाउँपालिकाले यातायात सेवाको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिने यातायात सेवाको सुविधा हेलम्बु गाउँपालिका भित्रका भौगोलिक रुपमा दुर्गम क्षेत्रबाट आउने विद्यार्थीहरुको लागि उपलब्ध गराईनेछ।

(३) गाउँपालिकाले विद्यार्थीहरुलाई उपलब्ध गराउने यातायात सेवाको लागि बजेट विनियोजन गरी गाउँपालिकाले आफै वा तोकिएको सामुदायिक माध्यमिक विद्यालयबाट बस खरिद गर्न बजेट विनियोजन गर्न सक्नेछ।

(४) एकीकृत सिकाइ केन्द्रमा टाढाबाट आउने विद्यार्थीहरुका लागि निर्देशक समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सवारी साधन भाडामा लिएर यातायात सेवा सुचारु गर्न पनि सक्नेछ।

## परिच्छेद- ६

## दिवा खाजा सम्बन्धी व्यवस्था

१२. **दिवा खाजाको व्यवस्था गर्नुपर्नेः** (१) एकीकृत सिकाइ केन्द्रमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि केन्द्रले नियमानुसार दिवा खाजा कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संचालन गरिने दिवा खाजा कार्यक्रम विद्यार्थीहरुको स्वास्थ्यका दृष्टिकोणले उपयुक्त हुनु पर्नेछ।

## परिच्छेद- ७

## विविध

१३. **कार्यविधिको संशोधनः** यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

१४. **आवश्यक व्यवस्था गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

**प्रमाणिकरण मिति : २०८०/०१/१९**

**आज्ञाले,**

**विनोद रोका**

**प्रमुख प्रशासकिय अधिकृत**